विज्ञापनको लागि सम्पर्क:
९८१४५८१८१, ०२३-५४३८२०

राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१३ ।। अङ्क : २९४ ।। २०७८ पुष २५ गते आईतबार (9th Jan 2022 Sunday) **Pratidin** National Daily dNo-?÷%÷-

झापाली कार : बिर्तामोडको शनिश्चरे रोडमा सडकमा रोकेर राखिएको एक झापाली युवाले बनाएको कार अवलोकन गर्दै स्थानीय । झापाको बाह्रदशी गाउँपालिका-६ बिहीबारेका शिबराज लिम्बूले ४ लाखको लगानीमा तयार पारेको उक्त कार केही दिनयता बिर्तामोडमा देखिदै आएको छ । (तस्वीर: प्रतिदिन)

एमाले झापाको अध्यक्षमा कार्की सर्वसम्मत

बिर्तामोड (प्रस) । नेकपा एमाले झापाको १० औं जिल्ला अधिवेशनले अध्यक्षसहित पदाधिकारी सर्वसम्मत चयन गरेको छ । जिल्ला अध्यक्षमा दिपक कार्की सर्वसम्मत निर्वाचित भएका हुन् । त्यस्तै उपाध्यक्षमा प्रेम गिरी, सचिवमा शिव ढुङ्गेल, दुई उपसचिवमा असारु राजवंशी र चन्द्रा श्रेष्ठ पनि सर्वसम्मत भएका छन् । ती पदहरुमा आबश्यक उम्मेद्वारले मात्र उम्मेद्वारी दर्ता गराएका थिए । उपाध्यक्षमा गोपाल बुढाथोकीले उम्मेद्वारी दर्ता गराए पनि पछि फिर्ता

लिएका थिए । यस्तै, पत्रकारतर्फ मोहनकाजी न्यौपाने सर्वसम्मत भएका छन् । पत्रकार कोटामा प्रेस चौतारी झापाले सहमतिबाट काजीलाई अघि सारेको थियो । सो कोटामा उनको बाहेक अरुको उम्मेद्वारी परेको थिएन ।

भूमिहीन संगठनबाट टिकाराम मंग्राती एकजनाले मात्रै उम्मेद्वारी दिएका छन् । त्यस्तै भूगोलतर्फ क्षेत्र नं ३ बाट लक्ष्मण पाठक र क्षेत्र नं ५ बाट जिल्ला सदस्यमा तुलसी कार्की सर्वसम्मत भएको जनाइएको छ ।

१५० सदस्यीय जिल्ला कमिटीमा ४ सयभन्दा बढीले उम्मेद्वारी दर्ता गरेका छन् ।

मातृभूमिद्वारा पत्रकार उपचार कोषमा २५ हजार सहयोग

बिर्तामोड (प्रस) । नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषमा आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत बिर्तामोडस्थित मातृभूमि भलाइ एण्ड इनभेष्टमेन्ट प्रा.लि.ले २५ हजार रुपैयाँ प्रदान गरेको छ । कम्पनीका अध्यक्ष कुलप्रसाद ओडारी, प्रबन्ध निर्देशक टंकप्रसाद दवाडीले पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी र कोषाध्यक्ष रञ्जित प्रसाईलाई उक्त रकमको चेक हस्तान्तरण गरेका हुन् ।

कम्पनीको तेस्रो वार्षिक साधारणसभाको अवसरमा शनिबार कनकाईको धनुषकोटी पर्यटकीय क्षेत्रमा आयोजित कार्यक्रमकाबीच पत्रकार महासंघको अभियानमा उक्त सहयोग प्रदान गरिएको हो ।

कम्पनीका अध्यक्ष ओडारी र प्रबन्ध निर्देशक दवाडीले नागरिकको सूसुचित हुने हक रक्षाका लागि जोखिम मोलेर पशामा रहेका पत्रकारको सामाजिक सुरक्षाका लागि सबैले सामाजिक उत्तरदायित्व सम्झेर एकपटकका लागि कोषमा सहयोग गरिदिन अपिल समेत गरे ।

पत्रकार सहारा उपचार कोषमा ५१ लाख रुपैयाँ जम्मा भइसकेको छ भने त्यसको ब्याजबाट महासंघले पत्रकारहरु घाइते र बिरामी हुँदा उपचार खर्च समेत दिँदै आएको छ । कोषलाई एक करोड रुपैयाँ पुर्याउने लक्ष्यका साथ महासंघले अभियान जारी राखेको छ ।

प्रथम बहुउद्देश्यीय सहकारीको साधारणसभा

झापा (प्रस) । झापाको बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको प्रथम बहुउद्देश्यीय सहकारी संस्थाले आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यले आफ्नो नवौं वार्षिक साधारणसभा झापाको पर्यटकीयस्थल धनुषकोटीमा शनिबार सम्पन्न गरेको छ ।

'सहकारी : गरिबी निवारणको प्रमुख आधार, प्रथमसँगै समृद्धि' भन्ने नाराका साथ वनभोजसहित आयोजना गरिएको साधारणसभाको उद्घाटन झापा क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य लालप्रसाद साँवाले गरेका थिए ।

संस्थाको शिक्षा उपसमितिका संयोजक फणिन्द्र दाहालले सञ्चालन र उपाध्यक्ष चेतनाथ उप्रेतीले स्वागत गरेको उद्घाटन समारोहमा संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष टिकाराम पाण्डेले विश्वव्यापी महामारी कोभिड-१९ को संकटका बाबजुद आर्थिक वर्ष २०७७/०७८ मा संस्थाले ३६ लाख ८६ हजार रुपैयाँ मुनाफा गरेको जानकारी दिए । प्रतिवेदन अनुसार आ. व. ०७७/०७८ को असार मसान्तसम्मान संस्थामा ११७९८ जना शेयर सदस्य पुगेका छन् भने शेयरपूँजी ३ करोड सात लाख ११ हजार आठ सय पुगेको छ । संस्थाको निक्षेप संकलन ३२ करोड ३३ लाख १३ हजार ५८ रुपैयाँ र ऋण लगानी २९ करोड पाँच लाख ८६ हजार रुपैयाँ रहेको र संस्थाका विभिन्न कोषमा एक करोड १० लाख ६५ हजार चार सय एक रुपैयाँ रहेको अध्यक्ष पाण्डेले बताए ।

जिल्लाभरि सातवटा सेवाकेन्द्र रहेको संस्थाले झापाको सुदूर दक्षिणी कचनकवलमा प्रथम पाठशाला नामक सहकारी विद्यालय सञ्चालन गरिरहेको छ भने प्रथम पाठशालालाई झापाभरि विस्तार गर्ने योजना रहेको प्रतिवेदनमा उल्लेख छ । यसैगरी, बिर्तामोड, बनियानी, घैलाडुब्बा र शिवगञ्जमा इलेक्ट्रोनिक्स सामग्रीको पसल सञ्चालन भइरहेको अध्यक्ष पाण्डेले बताए ।

समारोहमा प्रमुख अतिथि साँवाले शुभकामना मन्तव्य राख्दै सहकारी समृद्धका संवाहक भएकोले उत्पादनसँग जोडिनुपर्ने बताए । कृषि, उद्योग-व्यवसाय क्षेत्रमा सहकारीहरुले लगानी बढाउनुपर्नेमा साँसद साँवाको जोड थियो ।

यसैगरी, भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठले प्रथम साकोस बहुउद्देश्यअनुरुप सञ्चालन भएकोमा खुशी व्यक्त गर्दै विपन्न परिवारको उत्थानमा सहकारी क्षेत्रको महत्वपूर्ण योगदान रहेको बताए ।

बिर्तामोड नगरपालिकाका सहकारी अधिकृत डिल्ली दाहालले महामारीका बीच पनि संस्थाले उल्लेख्य नाफा गर्नु महत्वपूर्ण सफलता भएको भन्दै कारोबारको दृष्टिकोणले प्रथम बहुउद्देश्यीय सहकारी अब्बल सहकारीका रुपमा रुपान्तरित हुँदै गएको बताए ।

भद्रपुर नगर बाल सञ्जालकी अध्यक्ष भावना पोखरेल र कचनकवल गाउँ बाल सञ्जालका अध्यक्ष मनिष बरालसमेतले शुभकामना मन्तव्य राखेको सो समारोहमा उत्कृष्ट सदस्य तथा कर्मचारीलाई सम्मान गरिएको थियो ।

गौरवशाली साकोसको अध्यक्षमा पुनः लवकुमार

बिर्तामोड (प्रस) । बिर्तामोड ५ स्थित गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्षमा पुनः लवकुमार चौधरी निर्वाचित भएका छन् । संस्थाको शनिवार भएको १२ औं वार्षिक साधारणसभा तथा चौथो अधिवेशनले लवकुमारलाई दोस्रो कार्यकालको लागि अध्यक्षमा सर्वसम्मत चयन गरेको हो । त्यस्तै उपाध्यक्षमा युवराज बिमली , सचिव मीरा कार्की खड्का , सहसचिव रुपवती राजवंशी(रुपा) र कोषाध्यक्षमा रामु सिंह निर्वाचित भएका छन् । त्यस्तै सदस्यहरुमा नरेशमान धिमाल , झलक राजवंशी ,प्रेम राजवंशी ,पशुपति राजवंशी ,दमन्ता पोखरेल दाहाल र विष्णुकुमार चौधरी रहेका छन् । त्यस्तै नथुनीप्रसाद शाह संयोजक , महादेव चौधरी र पूर्णप्रसाद काफ्ले सदस्य भएको तीन सदस्यीय लेखा समिति पनि चयन गरिएको निर्वाचन समितिका संयोजक इन्द्रसिंह राजवंशीले बताए । निर्वाचन गराउन राजवंशीको संयोजकत्वमा तेजनारायण चौधरी र कृष्णप्रसाद बराल सदस्य रहेको निर्वाचन समिति गठन भएको थियो । पूर्व सांसद डिल्लीप्रसाद सिटौलाको प्रमुख आतिथ्य एवं लवकुमार चौधरीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा नेपाल उद्यमशील महिला संघकी अध्यक्ष पार्वता खरेल बिमली , संस्थाका संस्थापक शेयर सदस्य पुष्पलाल चौधरी , सम्मानित व्यक्तित्व विनोद बस्नेतलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा एकका लागि एक अभियानका सहसंयोजक बस्नेत , समाजसेवी कपिलमुनी शिवाकोटीलगायतलाई सम्मान गरिएको थियो । उपाध्यक्ष युवराज बिमलीले स्वागत गरेको कार्यक्रमको संचालन सचिव मीरा कार्की खड्काले गरेकी थिइन् ।

सूचना सूचना सूचना

२०७८ फागुन २१ गतेदेखि ३० गतेसम्म बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा झापा गोल्डकपको पाँचौं संस्करण सञ्चालन गर्ने तयारी गरिएको हुँदा, रंगशालाको मर्मत तथा निर्माण गर्नुपर्ने भएकाले २०७८ पुस १८ गतेदेखि गोल्डकप समाप्त नहुन्जेल रंगशालामा कुनै पनि किसिमका प्रशिक्षण तथा अभ्यास खेलहरु सञ्चालन नगरिदिनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

झापा गोल्डकप परिवार

बालकल्याणका बिद्यार्थीद्वारा गुरुहरुको सामूहिक अभिनन्दन

बिर्तामोड (प्रस) । बालकल्याण आवासीय माध्यमिक विद्यालयमा अध्ययन गरी २०७० सालमा एसएलसी परीक्षा उत्तीर्ण भएका बिद्यार्थीहरुले आफूले पढेको विद्यालय र आफूलाई शिक्षा दिने दुई दर्जन गुरुहरुलाई सामूहिक सम्मान गरेका छन् । साथै संस्थापक प्रिन्सिपल रामप्रसाद सिटौला र उनकी जीवन संगिनी देवी सिटौलालाई अभिनन्दन गरेका छन् ।

२०७० सालमा एसएलसी उत्तीर्ण गरी पोखरा युनिभर्सिटीबाट सिभिल इन्जिनियर बिदामा नेपाल टप गर्न सफल क्षितिज नाट्य प्रतिष्ठानका केन्द्रीय सदस्य समेत रहेका इन्जिनियर समिन खतिवडाको अध्यक्षता र बिर्तामोड नगरपालिकाका शिक्षा शाखा प्रमुख तिलचन भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रम विद्यालयकै पहिलो र उदाहरणीय भएको सहभागी बक्ता विद्यालय ब्यबस्थापन समितिका संयोजक उपेन्द्र पराजुलीले बताए ।

माध्यमिक तहसम्मको शिक्षा पुरा गरी उच्च शिक्षा हासिलको क्रममा हाल नेपालका विभिन्न स्थान हुँदै अमेरिका,अष्ट्रेलिया

,पोल्याण्ड ,दुवई ,जापान,क्यानडा ,भारतलगायत एक दर्जनभन्दा बढी मुलुकमा छरिएर रहेका ४० बढी बिद्यार्थीहरु पुनः एक भएर आफूले माध्यमिक तहसम्म पढेको विद्यालय र आफूलाई यो अबस्थासम्म पुग्न पहिलो शिक्षाको ज्योती प्रदान गर्ने तत्कालीन गुरुहरुको सम्मान तथा बालकल्याण आवासीय माध्यमिक विद्यालयका संस्थापक सिटौलाको भब्य अभिनन्दन गरेको कार्यक्रम संयोजक इन्जिनियर समिन खतिवडाले जानकारी दिए ।

बालकल्याण आवासीय माध्यमिक विद्यालयले स्थापनाकालदेखि हालसम्म ३३ औ ब्याच उत्पादन गरिसक्यो तर, आफूले बुझेसम्म कुनै पनि ब्याचले पुनः बिद्यालयमा नै फर्किएर यस प्रकारको कार्यक्रम नगरेको आयोजक समूहकी सदस्य मन्दिरा रिजालले स्वागत मन्तब्यका क्रममा बताइन् । २०औ ब्याचमा भएका करिव ४०जना छात्रछात्राले भर्चुअल मिटिङ्ग गरि सबैबाट रकम संकलन गरेर कार्यक्रम गरिएको डाक्टर बिधामा अध्ययन गरिरहेका उदय राजबंशीले बताए । कार्यक्रममा गुरुहरुको सम्मानका साथै क्षितिज नाट्य प्रतिष्ठानद्वारा निर्माण भइरहेको प्रदेश न. १ कै पहिलो बहुजातीय साँस्कृतिक संग्रहालयसहितको झापा नाटकघरलाई निर्माण सहयोग नगद रु एघार हजार एक सय एघार तथा सम्मानपत्र मार्फत प्रतिष्ठानका केन्द्रीय अध्यक्ष माधब कल्पितलगायतलाई सामूहिक सम्मान गरिएको थियो । यसैगरी सारेगमप लिटल च्याम्स नेपालीको प्रतियोगी बिर्तामोड -२ की कृपा पौड्यालललाई सम्मान तथा भोटिङ्ग सहयोगका लागि उनका पिता कुमार पौड्यालमार्फत नगद रु पाँचहजार एक सय हस्तान्तरण गरिएको छ ।

कार्यक्रममा इन्जिनियर समिन खतिवडाको अध्यक्षतामा २१ सदस्यीय बालकल्याण पूर्व विद्यार्थी तदर्थ समिति समेत गठन गरिएको छ ।नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष केशब भट्टराईले संञ्चालन गरेको कार्यक्रममा क्षितिज नाट्य प्रतिष्ठानका कलाकार माधब सिटौला ,भिमा खतिवडालगायतको साँगीतिक आयोजना गरिएको आयोजक समूहका सदस्य योगेश खरेलले बताएका छन् ।

झापा सामुदायिक सहकारीमा हरि गौतम

भद्रपुर (प्रस) । झापा सामुदायिक बचत तथा ऋण सहकारी सस्था लिमिटेड भद्रपुरको १५ औं वार्षिक साधारणसभाले हरिप्रसाद गौतमको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको गरेको छ ।

४ वर्षे कार्यकालका लागि सभाले उपाध्यक्षमा भरत पोखरेल ,सचिव टिकाराम उप्रेती, सहसचिवमा मीनप्रसाद पोखरेल, कोषाध्यक्षमा उर्मिला गौतम तथा सदस्यहरूमा गोमा घिमिरे, निर्मला भट्टराई, गंगा नेपाल, विपिन भट्टराई ,घनश्याम अधिकारी र सशिम पोखरेललाई निर्विरोध चयन गरेको हो ।

यसैगरी हरिकिशोर आचार्यको संयोजकत्वमा भरत लम्साल र कुबेर बराल सदस्य रहने गरी लेखा समिति समेत गठन गरेको निर्वाचन संयोजक गोपाल आचार्यले जानकारी दिए ।

संस्थाका अध्यक्ष विवेक पोखरेलको सभापतित्व तथा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष तुलाराम न्यौपानेको प्रमुख आतिथ्यमा सम्पन्न साधारणसभामा ज्ञानोदय शिक्षक बचतका गोपिकृष्ण न्यौपाने ,प्रकाश कृषि सहकारीकी मन्जु पोखेल, नेपाल लेखापढी बचत सहकारीका महेश भट्टराईलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा लक्ष्मीदेवी राउतलाई उत्कृष्ट बचतकर्ता, मुकुन्दप्रसाद शर्मालाई उत्कृष्ट ऋणी, विरेन्द्र न्यौपानेलाई उत्कृष्ट अनिवार्य बचतकर्ता,उमादेवी लम्साल र कालीप्रसाद घिमिरेलाई जेष्ठ सदस्य तथा सुरेन्द्र शर्मा र प्रविधि पोखरेललाई उत्कृष्ट शेयर सदस्य सन्ततिको रूपमा सम्मान गरिएको थियो ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

साधुटारमा सिरक वितरण

कनकाई (प्रस) । रोटरी क्लव अफ सुरुङ्गाले चिसो मौसमलाई लक्षित गरी अर्जुनधारा-१ स्थित शंकराचार्य पीठ साधुटारमा २५ थान सिरकसहित ३५ हजार बराबरको विविध सामग्री वितरण गरेको छ ।

रोटरी क्लव अफ सुरुङ्गाले आफ्नो वार्षिक कार्यक्रम अनुसार जाडोको मौसमलाई लक्षित गरेर न्यानो कपडा वितरण गरेको हो । क्लबका तर्फबाट विभिन्न विद्यालयमा अध्ययनरत विपन्न वर्ग र समुदायका करिव दुईसय विद्यार्थीलाई स्वीटर वितरण गर्ने कार्यक्रम समेत रहेको क्लवका मिडिया संयोजक राम निरौलाले जानकारी दिए । क्लवले यसअघि शिक्षा, स्वास्थ्य, खानेपानी,सामाजिक विकास, वातावरणका क्षेत्रमा समेत उल्लेखनीय गतिविधि संचालन गर्दै आएको मिडिया संयोजक निरौलाले बताए ।

क्लवका अध्यक्ष सुशिलकुमार श्रेष्ठको सभापतित्व एवम् शंकराचार्य पीठका व्यासाचार्य पं.लक्ष्मीप्रसाद खतिवडाको प्रमुख आतिथ्य रहेको एक संक्षिप्त

कार्यक्रमका बीच क्लवका संस्थापक अध्यक्ष एल.पी. उप्रेती, पूर्व अध्यक्ष कुमारमणि पोखरेल, प्रेसिडेन्ट इलेक्ट खेम प्रसाईसहित पदाधिकारीहरुको उपस्थितिमा राहत सामग्री वितरण गरिएको हो ।

शंकराचार्य पीठ परिसरमा आयोजित कार्यक्रममा क्लवका तर्फबाट व्यवस्थापन गरिएको सामग्री व्यासाचार्य पं.लक्ष्मीप्रसाद खतिवडा,आचार्य शान्तिराम नेपाललाई हस्तान्तरण गरिएको थियो ।सामग्री ग्रहण गर्दै व्यासाचार्य खतिवडाले सामाजिक सेवामा समर्पित रोटरी क्लवले गरेको सहयोग शंकराचार्य पीठका लागि अत्यन्तै महत्वपूर्ण भएको बताए । क्लवकी सचिव सरला दाहाल पोखरेलले संचालन गरेको औपचारिक कार्यक्रमकै अवसरमा क्लवका संस्थापक अध्यक्ष एल.पी. उप्रेती र यदुका उप्रेती(उषा) ले शंकराचार्य पीठ साधुटारको नामाकरण भएको डिजिटल बोर्ड निर्माणका लागि ६० हजार रुपैंया सहयोगस्वरुप संस्थालाई दिने घोषणा गरेका छन् । धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै आएको शंकराचार्य पीठ साधुटारको विकास एवम् विस्तारका लागि आगामी दिनमा समेत थप सहयोग गर्दै जाने प्रतिवद्धता जनाउँदै क्लवका संस्थापक अध्यक्ष उप्रेतीले रोटरी क्लव भनेको सामाजिक सेवाका लागि मात्रै नभएर व्यक्तित्व तथा चौतर्फी विकासमा विशेष महत्वका साथ अघि बढ्ने सामाजिक संस्था भएको प्रष्ट पारेका छन् ।

रोटरीले आफ्ना सात वटा फोकस क्षेत्रहरु शान्ति तथा द्वन्द्व व्यवस्थापन, रोग नियन्त्रण तथा उपचार, खानेपानी तथा सरसफाई, मातृशिशु तथा स्वास्थ्य, प्राथमिक शिक्षा तथा साक्षरता, आर्थिक ,सामाजिक विकास तथा वातावरणमा सहयोग गर्दै आएको बताइएको छ । व्यापक कार्यक्षेत्र भएको रोटरीले विश्वमै पोलियो उन्मूलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको सुरुङ्गा रोटरीका पूर्व अध्यक्ष कुमारमणि पोखरेलले बताए ।

४२ जनाले गरे रक्तदान

भद्रपुर (प्रस) । दक्षिणी झापाको कचनकवल ३ स्थित पथरिया बगान बजारमा आयोजित रक्तदान कार्यक्रममा ४२ जनाले रगत दान गरेका छन् ।

बगान युथ क्लब कचनकवलको आयोजनामा सम्पन्न रक्तदान कार्यक्रममा २ महिलासहित ४२ जनाले रगत दान गरेका हुन् । नेपाल रेडक्रस सोसाइटी झापाको प्राविधिक संयोजनमा गरिएको कार्यक्रममा जाडो मौसमका कारण रगत अभाव नहोस् भनेर रक्तदान गरिएको बगान युथ क्लबका अध्यक्ष पिताम्बर लिम्बुले जानकारी दिए ।

क्लबका सचिव विश्वास अधिकारीका अनुसार दक्षिणी झापाका हरेक सामाजिक कार्यमा नेतृत्व गरिरहेको क्लब समाज सुधार र जनचेतनाका लागि क्रियाशील रहेको छ ।

लामो अवधिको जन्मान्तरको लागि परिवार नियोजनको स्याटेलाइट क्लिनिक सम्बन्धी बिर्तामोड नगरपालिकाको सूचना ।

महिलाहरुमा हुने समस्याहरु जस्तै स्तन क्यान्सर, आङ खस्ने समस्या र पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ परिक्षण (VIA) सम्बन्धी निशुल्क स्वास्थ्य शिविर निम्न मिति र स्थानमा संचालन हुने भएको हुँदा इच्छुक सेवाग्राहीहरुलाई सेवा लिनु हुन अनुरोध छ ।

सेवाहरु :-

सेवाहरु : परिवार नियोजन
१. Implant (नरप्लान्ट) :५ वर्षे अस्थाई साधन
२. IUCD (कपर टी) : १२ वर्षे अस्थाई साधन

सेवाहरु : प्रजनन् स्वास्थ्य
१. पाठेघरको मुखको क्यान्सरको VIA परिक्षण
२. आङ खस्ने समस्याको उपचार वा व्यवस्थापन
३. थप उपचारको लागि प्रेषण

समय तालिका:

क्र.सं.	स्थान	सञ्चालन हुने मिति र समय
१.	आधारभूत स्वास्थ्य केन्द्र, वि.न.पा. वडा नं. १०	२०७८/०९/२५ बिहान १०:३० बजेदेखि
२.	आधारभूत स्वास्थ्य केन्द्र, वि.न.पा. वडा नं. ६	२०७८/०९/२६ बिहान १०:३० बजेदेखि
३.	आधारभूत स्वास्थ्य केन्द्र, वि.न.पा. वडा नं. ७	२०७८/०९/२८ बिहान १०:३० बजेदेखि
४.	आधारभूत स्वास्थ्य केन्द्र, वि.न.पा. वडा नं. १	२०७८/०९/२९ बिहान १०:३० बजेदेखि
५.	आधारभूत स्वास्थ्य केन्द्र, वि.न.पा. वडा नं. ४	२०७८/०९/३० बिहान १०:३० बजेदेखि
६.	आधारभूत स्वास्थ्य केन्द्र, वि.न.पा. वडा नं. ९	२०७८/१०/०३ बिहान १०:३० बजेदेखि

स्वास्थ्य शाखा
बिर्तामोड नगरपालिका

ठाकुर पोलिक्लिनिक
पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा
+977-23-590008 9817964771

डा. पिताम्बर ठाकुर
MBBS.MD (TU) NMC 1914
Cheif Consultant Physician
Ex Superintendent Mechi Zonal Hospital
समय: दैनिक बिहान ११-२ बजे सम्म, दिउँसो ४ बजे पछि

डा. शम्भु नवल
MBBS.MS. (TU/IOM)
Gold Medalist NMC 6724
Consultant General Leproscopic & Uro- Surgeon
समय: दैनिक बिहान ७-९ बजे सम्म

डा. अरूण फुयाल
MBBS.MD (KUSMS) NMC 18337
Radiologist & Imaging
समय: दैनिक बिहान ७-९ बजे सम्म, साँझ ५ बजे पछि

डा. लोभराज लोहनी
Fellowship Of Rheumatologist (AIIMS, New Delhi) NMC 11300
MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
समय: प्रत्येक दिन बिहान ७-९ बजे सम्म, साँझ ५-६ बजे

डा. केशव ढकाल
MBBS.MD. (BPKIHS)
Dermatologist NMC 2910
बरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ
समय: प्रत्येक दिन २ बजे पछि

डा. विवेक रौनियार
MBBS.MD (Neuro Physician) NMC
बरिष्ठ ढाड, टाउको तथा नशारोग विशेषज्ञ
समय: प्रत्येक शनिवार मध्यान्न १२ बजे पछि

डा. केशव मण्डल
MBBS. (BPKIHS) MD (TU) NMC 13303
नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक बिहान ८-१० बजे र साँझ ५ बजे पछि

डा. शशांकराज पोखरेल
MBBS. MD (Psychiatry) BPKIHS, DHARAN
बरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
समय: दैनिक साँझ ५ बजे पछि

डा. धिरज गिरी
MBBS. MD (ENT)
बरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ
समय: दैनिक सेवा

यहाँ मिडियो एक्सरे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी, ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको साथै अनुभवी डाक्टरहरुद्वारा उपचार सेवा उपलब्ध छ ।

हरि ओम UPVC उद्योग
बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोन: ०२३-५४२४६१
हाम्रा सेवाहरू: यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रूफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।

नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003

प्रतिदिन अभिव्यक्ति

कविता

चुपचाप चुपचाप

• भावना शर्मा

रित्याई छाती, पोखिन वह खोज्दैछ दाउ चुपचाप चुपचाप ।
लुकाई पीडा, देखायो हाँसो, बढ्दैछ घाउ चुपचाप चुपचाप ॥

बर्षन्छ झरी, चुहिन्छ धुरी, रुझ्दछ छाती चुपचाप चुपचाप ।
खोज्दै सहारा, नभेट्दै किनारा, डुब्दछ नाउ चुपचाप चुपचाप ॥

दर्कन्छ सावन, सल्कन्छ छाती, पग्लन्छ मन यो चुपचाप चुपचाप।
तरंग डरको, जिन्दगी भरको, मनको तलाउ चुपचाप चुपचाप ॥

खोजुँ सहारा, रोजुँ म खै को ? खै को बोलाउँ चुपचाप चुपचाप ।
जप्दैछ जनले, सम्झन्छ मनले, कृष्णकै नाउँ चुपचाप चुपचाप ॥

आमा

• सुशील लामा

धेरैपछि आज रातको सपनामा
तिमी सुटुक्क आयौ
तिम्रो यादले चरचर चर्केको
छातीभित्र रहेको मुटुमा
तिम्रो यादले रगत बग्न छाडेको धमनीमा
पुनः ताजगीपनमा ल्याएर
सुस्ताउन लागेको मेरो मुटुको धड्कनलाई
सही स्थानमा ल्यायौँ

मैले फेरेको प्रत्येक हावाको कणमा
तिम्रो मायाको पेचिलो झोक्काले
जीवनको विकल्प मृत्युको गाउँपुग्ने
गोरेटो दुरदुर बनाएको आभास ल्याउँछ
भोगले व्याकुल भएर छट्पटी रहँदा
मेरो मनको स्पर्शले
तिमीले कोखाई-कोखाई भनेर
जबर्जस्त मेरो स्यानो भुँडी
पुटुक्क हुनेगरी खुवाएको बालापनको
सम्झनाले मुटु कलेजो चिराचिरा पार्छ ।
आमा सम्झानाको तरेलीमा
तिम्रो मायाको विजारोपणले
ममताको अंकुरण हुँदा पल्लवन भएर
फूल वर्षाको महत्वसम्म लगाएर
जिउने जिम्मा लिएको छु ।

आमा धेरैपछिको सपनामा भएको
तिम्रो आगमनले
सानदार खुशीको रौनकता ल्याएको छ ।
सानदार'

गजल

मनजस्तो

• विमल अम्गाँई

लक्षण देखिदैछ कुनै इन्फेक्टेड मन जस्तो
म छु होस्ट जस्तो, तिमी प्याथोजन जस्तो

आफ्नाहरू आजकल बन्दैछन् दुर्योधन जस्तो
दुश्मन भने लाग्दैन अहिले दुश्मन जस्तो

मलाई एकपटक प्रेमको अचानोमा रेटिने रहर छ
तिमी खुकुरी बन्नू, म बन्दिन्छु गर्दन जस्तो

तिम्रा उपहारले आजकल निकै तर्साउने गर्छ
लाग्छ, तिम्रो मफलर पनि कुनै कफन जस्तो

आमाको छातिमा शिर राखेर निदाउनेहरूलाई सोध्नु
कुन सङ्गीत गुन्जिन सक्छ आमाको धड्कन जस्तो ?

बौद्धदर्शनका तात्विक आधार र सञ्चार

• डा.बालकृष्ण चापागाई

बौद्धदर्शनको शाश्वत आधार भनेको दुःख हो । यसका कारण नै कारक हुन्, दुःखको उन्मुक्तिका उपाय र आधारहरू तत्व मीमांसा हुन् । यसले ज्ञान मीमांसामा पञ्चस्कन्ध, द्वादसायतन र अष्टदस धातुलाई आधार मानेको छ । प्रज्ञा, शील र समाधिअन्तर्गत अष्टांगिक मार्ग मूल्यशास्त्रमा निहित छन् । यी नै निर्वाणका आधार हुन् । बौद्धदर्शनमा निहित तत्वहरूको लोकप्रियता र व्यापकताको निम्ति समसामयिक सञ्चारको महत्वपूर्ण भूमिका रह्यो, जुन आधुनिक कालमा पनि सञ्चारको भूमिका उत्तिकै छ र भविष्यमा पनि रहने छ । बौद्धदर्शन र सञ्चार अलग-अलग विषयवस्तुजस्तो लागे पनि यी विषयको अन्योन्याश्रित सम्बन्ध छ । सञ्चार मानवका लागि रक्तसञ्चार जस्तै हो । समाजमा असल विचार सञ्चारित हुँदा सभ्य समाज निर्माण हुन्छ । जहाँ सभ्य समाज हुन्छ, त्यहाँ शान्ति हुन्छ । आजको विश्वमा बौद्धदर्शन मानवकल्याण र शान्तिको पथप्रदर्शकका रूपमा स्थापित छ । यसलाई आमजनमानसमा प्रभावकारी सञ्चार गराउन सक्दा मानिसमा सकारात्मक सोच र चिन्तनको विकास भई विश्वशान्ति स्थापना हुन सक्ने देखिन्छ । गौतम बुद्धले आफ्नो जीवनकालमै विश्वकल्याणकारी विचारलाई मानव समाजमा सम्प्रेषित गरी सकारात्मक प्रभाव दिन सफल भएका थिए । महापरिनिर्वाणपछि उनका जीवित शिष्य एवम अनुयायीहरूले उनका विचारलाई मानव समाजमा पुऱ्याउने कोशिस गरे । फलस्वरूप बुद्धका विचारको प्रभाव समाजमा बढ्दै गयो । बौद्ध धर्म दर्शनको विकास एवम् विस्तार तीव्रगतिमा अगाडि बढिरहेको अवस्थामा सन् ११९३ मा अली वख्तियार मोहम्मद खिलजीको नेतृत्वमा मुस्लिमहरूबाट बौद्धमार्गीहरूमाथि निकै ठूलो आक्रमण भयो । त्यसपछि ६ सय वर्ष भन्दा बढी नेपाल-भारतमा बौद्ध धर्म दर्शनको अवस्था विलुप्तजस्तै रह्यो । सन् १८०० यता मात्र नेपाल-भारतमा बौद्ध धर्म दर्शनको सञ्चारमा तीव्रता आएको पाइन्छ । बुद्धले ज्ञान प्राप्त गरेपछि ४५ वर्षसम्म विश्वकल्याणकारी उपदेश जीवनपर्यन्त दिइरहे । बुद्धका विचारलाई संरक्षित गर्ने क्रममा विभिन्न संगायनहरू गरिए । गौतम बुद्ध महापरिनिर्वाण भएको पहिलो वर्षमै सम्पन्न प्रथम सङ्गायनदेखि छैठौँ संगायन (सन् १९५६) सम्म आइपुग्दा बौद्ध धर्मदर्शनको विकास एवम् विश्वमा यसको प्रभाव विस्तार भएको पाइन्छ । यसको विकास र विस्तारमा प्राचीनकालदेखि चलिआएका सञ्चारका विभिन्न तरिका एवम् साधन तथा आधुनिक सञ्चार माध्यमका रूपमा विकसित छापादेखि इलेक्ट्रोनिक मिडियाजस्ता नयाँ सूचना प्रविधिको प्रयोगले विश्वमा बौद्ध धर्म दर्शनको प्रचारप्रसारमा तीव्रता आएको पाइन्छ ।बौद्धदर्शन मानवकल्याण र शान्तिका लागि अपरिहार्य तत्वको रूपमा रहेको छ । बौद्धदर्शनबाट प्रभावित भई अनुयायी बनेका बुद्धकालीन सम्राटहरू र बुद्धको महापरिनिर्वाणपछि सम्राट अशोक आदिका माध्यमबाट बौद्ध धर्मदर्शनको विकासमा योगदान पुगेको पाइन्छ ।

गौतम बुद्धको जीवनकालसम्म आइपुग्दा दार्शनिक चेतनाको विकास विभिन्न ढङ्गले भएको पाइन्छ । उनको परिनिर्वाणपछि उनले प्रतिपादन गरेका चार आर्य सत्य र आर्य अष्टाङ्गिक मार्गले बौद्धदर्शनको महत्वपूर्ण आधार बनाएको पाइन्छ । चार आर्य सत्य मध्येको दुःख सत्यका बारेमा गौतम बुद्धले आफ्ना शिष्य भिक्षुहरूलाई भनेका छन् -'दुःख प्रथम आर्य सत्य हो । जन्म दुःख हो । वृद्धावस्था र मरण पनि दुःख हो । शोक, वेदना, उदासीनता तथा अपायास-हैरान हुनु पनि दुःख हो । अप्रियसँगको साक्षात्कार, प्रियसँगको वियोग पनि दुःख हो । साथै राग, द्वेषद्वारा उत्पन्न पञ्चस्कन्ध अर्थातरूप, वेदना, संज्ञा, संस्कार र विज्ञान पनि दुःख नै हुन् । संसारका प्रत्येक घटनामा दुःखसत्ता अवस्थित छ ।' त्यस्तै बुद्धले दोस्रो आर्यसत्यमा दुःखको कारण हुन्छ, तेस्रोमा त्यो दुःखको निराकरण हुन सक्छ र चौथोमा दुःख निराकरणका उपायहरू छन् र ती उपाय भनेका आर्य-अष्टाङ्गिक मार्ग-सम्यक दृष्टि, सम्यक सङ्कल्प, सम्यक वचन, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति, सम्यक समाधि हुन् ।

उल्लिखित अष्टाङ्गिक मार्गलाई गौतम बुद्धले प्रज्ञा, शील र समाधि गरी तीन भागमा विभाजन गरेका छन् । प्रज्ञाअन्तर्गत सम्यक दृष्टि र सम्यक सङ्कल्प पर्दछन् । त्यस्तै शीलअन्तर्गत सम्यक वचन, सम्यक कर्मान्त र सम्यक आजीविका पर्दछन् । त्यस्तै, समाधिअन्तर्गत-सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि पर्दछन् । बौद्ध धर्मदर्शनमा आचार-मीमांसाको चरम साधना नै अष्टांगिक मार्गको अनुसरणलाई महत्वपूर्ण आधारका रूपमा लिएको पाइन्छ ।

गौतम बुद्धको विचारमा कसैप्रति निषेध गरेर होइन, उसका सकारात्मक कुरालाई स्वीकार्दै नकारात्मक कुरालाई हटाउँदै असल कर्मलाई पछ्याउँदै मध्यम मार्गबाट अगाडि बढ्दा सफलता प्राप्त गर्न सकिन्छ भन्ने दृष्टिकोण रहेको पाइन्छ । निर्वाणपछि उनीद्वारा प्रतिपादित धर्मदर्शनलाई व्याख्या गर्ने क्रममा उनका विचारले मानव जातिका लागि मात्र नभई सम्पूर्ण प्राणीप्रति करुणाभावमा जोड दिएको पाइन्छ । उनले तर्क, बुद्धि, विवेक, न्याय र प्रज्ञामा आधारित ज्ञान/उपदेश दिएको पाइन्छ । मानिसका लागि स्वतन्त्रता, सामाजिक न्याय र समानतामा जोड दिएको पाइन्छ । नयाँ परिभाषाको रूपमा वैभाषिक, सौत्रान्तिक र माध्यमिक मतलगायत अनेकौं मतहरूको पनि विकास भएको पाइन्छ । त्यस्तै हीनयान, महायान, वज्रयानजस्ता सम्प्रदायको पनि विकास भएको पाइन्छ । समाधि, सम्यक संस्कार, त्रिशरण संस्कार, पञ्चशील संस्कार, परित्राण संस्कार, प्रज्ञापारमिता संस्कार र योगाचारजस्ता कुराबाट मानिसलाई सत्कर्ममा हिँडाउन खोजिएको पाइन्छ ।

> बौद्ध दर्शनको आलोकमा शान्तिका लागि सञ्चारले खेल्दै आएको भूमिकाबारे उच्च महत्वका साथ आवश्यक चर्चा र विवेचना नभएको ठहर गरी लुम्बिनी बौद्ध विश्वविद्यालयले विद्यावारिधिका शोधार्थीमार्फत अनुसन्धान गराई 'सञ्चारमा शान्ति सिद्धान्त' को प्रतिपादन र औचित्य पुष्टी गराएको छ । य

गौतम बुद्धका विचारले विश्वमै महत्वपूर्ण धर्म-दर्शनको आकार र आधार प्राप्त गरेको छ । बुद्धका शान्ति र समभावका विश्वव्यापी दृष्टिकोण समयको विकासक्रमसँगै प्रयोगमा आएका छन् । यसको प्रचारप्रसारमा विभिन्न सञ्चारको उपयोग गर्दै अशोकपुत्र महेन्द्र र पुत्री संघमित्रा सिंहली दीप, कुमारजीव र परमार्थ (चीन), शान्तरक्षित र कलमशील तिब्बत पुगेका घटना यस क्रममा विशेष स्मरणीय छन् । यी त केवल दृष्टान्त मात्र हुन् । यो अभियान अनवरत चलिरह्यो । सञ्चारका विभिन्न माध्यम र सञ्चारकर्मीहरूबाट हुँदै आएको सञ्चार क्रियाले बौद्धदर्शनको प्रचारप्रसारमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । बुद्धले प्रतिपादन गरेका चार आर्य सत्य र अष्टाङ्ग मार्गलाई बौद्ध दर्शनमा आचार-मीमांसाको रुपमा मानिन्छ । तत्कालीन समाजमा बुद्धका विचारको प्रभाव बढ्दै जानुमा उनका विचार मानव कल्याणमा आधारित हुनु हो । सञ्चारमा बुद्धका अवधारणाहरूको मौलिक स्थान रहेको छ । जीवनपर्यन्त विश्वकल्याण र शान्तिको सन्देशबाहक बनेका गौतम बुद्ध शान्ति सञ्चारको अग्रनायकका रूपमा रहेका छन् । मानव समाजको विकास क्रममा आएको महत्वपूर्ण र वैज्ञानिक दर्शनका रूपमा बौद्ध धर्म दर्शनलाई लिइन्छ ।

विश्वशान्तिका लागि सञ्चार

गौतम बुद्धको महापरिनिर्वाणपछि इसापूर्व २४९ तिर भारतका सम्राट अशोकले विशेष गरी दक्षिणपूर्व एसियाका मुलुकहरूमा मध्यपूर्व एसिया र दक्षिण युरोपसम्म धर्मदूतहरू पठाई बौद्ध धर्मदर्शनको प्रचार गरेको पाइन्छ । सम्राट अशोकले आफ्नै छोरा महेन्द्र र छोरी सङ्घमित्रलाई भिक्षु र भिक्षुणी बनाई धर्मप्रचारार्थ श्रीलङ्कामा पठाएपछि त्यस क्षेत्रमा बौद्ध धर्मदर्शनको प्रभाव विस्तार भएको पाइन्छ । त्यसपछि विश्वका बौद्ध भिक्षु, भिक्षुणी, उपासक, उपासिका, बौद्ध विद्वान, बौद्ध संघ–संस्था एवम् अनुयायी र सञ्चारका विभिन्न माध्यमले खेलेको भूमिकाले बौद्ध धर्म–दर्शनको प्रभाव बढेको पाइन्छ । दक्षिणपूर्वी एसियाका बर्मा अर्थात् म्यानमार, थाइल्याण्ड, श्रीलङ्का, लाओस, कम्बोडिया, भियतनाम आदिमा बौद्ध धर्म-दर्शनको प्रभाव विस्तार भएपछि क्रमशः यसले विश्वव्यापी प्रभाव दिन सकेको पाइन्छ । त्यस्तै जापान, चीन, मंगोलिया, रुस, ताइवान, भुटान, सिक्किम आदि मुलुकमा पनि बौद्ध धर्मदर्शनको प्रभाव देखिन्छ । नेपाललगायतका विश्वका विभिन्न स्थानमा हीनयान (थेरवाद), महायान र बज्रयान सम्प्रदायको प्रभाव भने फरक-फरक पाइन्छ ।

विश्व-राजनीतिमा विभिन्न दर्शन र सिद्धान्तको प्रभाव देखिन्छ । राजनीतिक प्रणालीका आधारमा सञ्चार क्षेत्र पनि प्रभावित र निर्देशित भएको पाइन्छ । त्यसको आधारमा सञ्चारका विभिन्न सिद्धान्त बनेको पाइन्छ । गौतम बुद्धका विचारले विश्वराजनीति, द्वन्द्व व्यवस्थापन र शान्तिका लागि प्रभाव पारेको देखिन्छ । विश्वका विभिन्न मुलुकमा बौद्ध धर्मदर्शनलाई आधार मानेर राज्य सञ्चालनको लागि मार्गदर्शनको रुपमा समेत लिएको पाइन्छ । विश्वशान्तिको सवाल आउने वित्तिकै बुद्धका विचारको महत्वबारे स्वाभाविक चर्चा हुने गर्दछ ।

संयुक्त राष्ट्रसंघले समेत बुद्धका विचारलाई मार्गदर्शनका रुपमा स्वीकारेको पाइन्छ । विश्व-शान्तिका बारेमा विभिन्न सिद्धान्तको चर्चा, व्याख्या र विवेचना भएको त पाइन्छ । तर बौद्ध दर्शनको आलोकमा शान्तिका लागि सञ्चारले खेल्दै आएको भूमिकाबारे उच्च महत्वका साथ आवश्यक चर्चा र विवेचना नभएको ठहर गरी लुम्बिनी बौद्ध विश्वविद्यालयले विद्यावारिधिका शोधार्थीमार्फत अनुसन्धान गराई 'सञ्चारमा शान्ति सिद्धान्त' को प्रतिपादन र औचित्य पुष्टी गराएको छ । यस सिद्धान्तले विश्वका सत्ता सञ्चालकहरुबाट सञ्चार नीति बनाउँदा र सञ्चार माध्यममा विषयवस्तु प्रस्तुत गर्दा समाजमा शान्तिका लागि योगदान पुग्न सक्ने सूचना, समाचार र विचारलाई उच्च महत्वका साथ सञ्चारित गर्नु बाञ्छनीय ठान्दछ ।

बुद्धकालमा मूलतः मौखिक सञ्चार नै सूचना, समाचार र विचार सम्प्रेषणको प्रमुख आधार थियो । यसका अतिरिक्त स्वर्णपत्र, ताम्रपत्र, शिलालेख आदि माध्यमको प्रयोग पनि भएको पाइन्छ । सञ्चारको विकास क्रममा छापा माध्यम, पत्र-पत्रिका, रेडियो, टेलिभिजन, इमेल-इन्टरनेट र अनलाइन जस्ता आधुनिक एवम व्यावसायिक सञ्चारमाध्यमहरूको विकास भइसकेपछि बौद्धदर्शन विश्वव्यापी हुँदै गएको पाइन्छ । गौतम बुद्धको जन्मकालमा आधुनिक सञ्चारमाध्यमहरूको विकास नभए पनि सूचना सम्प्रेषण गर्ने विभिन्न तरिका थिए । पहिलो उनले अन्तर्मुखी सञ्चार, दोस्रो अन्तर्वैयक्तिक सञ्चार तथा तेस्रोमा समूह सञ्चार पद्धतिको उपयोग गरे । असीमित समुदायमा सञ्चारित गरिने विषय आमसञ्चारको परिभाषाभित्र पर्ने हुँदा बुद्धकालमा भएका धर्मसभाहरूलाई प्राचीन आमसञ्चारको रूपमा लिन सकिन्छ । हिंसा र द्वन्द्वग्रस्त आधुनिक विश्वमा आणविक हातहतियारको प्रयोग गरी खोजिने शान्ति असफल भइरहेको अवस्था छ । यस अवस्थामा बौद्ध-दर्शनको औचित्य र उपयोगिता झनै बढ्दै गएको छ ।

निष्कर्ष

हिंसा र हातहतियारको प्रयोगले मानवसमाजमा शान्ति स्थापना हुन सक्दैन भन्ने कुरा पुष्टी भइसकेको छ । त्यसका लागि मानिसले आफैभित्र शान्तिको खोजी गर्नुपर्छ । त्यो वैज्ञानिक शान्ति मार्ग बौद्ध-दर्शनमा छ । यस आधारमा आधुनिक सञ्चारका माध्यमले आममानिसलाई सरल र प्रभावकारी ढंगले वैज्ञानिक विधि र शैलीद्वारा बौद्धदर्शनबारे जानकारी गराई सकारात्मक प्रभाव दिन सक्दा विश्वमा शान्ति स्थापना हुने विश्वास गरिएको छ । बुद्धले मानव समाजमा समानता, स्वतन्त्रता, न्याय र विश्वबन्धुत्वका लागि महत्वपूर्ण विचार दिएका छन् । सामान्य रूपमा मारकाटको विषय 'हिंसा' को एउटा रूप मात्र हो, व्यापक अर्थमा बुझ्दा ' कायिक, वाचिक र मानसिक' रूपमा पनि हिंसा गर्नुहुँदैन । 'घृणा' नै हिंसाको वीज हो, अर्काको हक खोस्नु र धोका दिनु पनि एक किसिमको हिंसा नै हो । 'शान्तिपूर्ण सहअस्तित्व' पनि बुद्धका विचारको महत्वपूर्ण स्थान रहेको छ । संसारका सबै समस्याको शान्तिपूर्ण समाधान संभव छ र एकले अर्काको अस्तित्वलाई स्वीकार गर्नु नै सहअस्तित्व हो भन्ने बुद्धदर्शनको आधार हो । अस्तित्वको अस्वीकृति नै झगडाको जड वा मूल हो भनेका हुँदा बुद्धका ती विचारबाट आणविक हातहतियारको प्रयोगबाट विश्वमा शान्ति खोज्नेहरूलाई मैत्री, करुणा, मुदिता र उपेक्षाजस्ता चतुब्रह्मविचारको महत्व बताउँदै शान्ति-मार्गमा अघि बढ्न प्रेरित गरिएको छ । उनले समानतावादी सोच र असल विचारबाट शान्ति प्राप्त हुन सक्छ भन्ने सन्देशको सञ्चार गरेका छन् । विश्व-शान्तिका लागि बौद्ध-दर्शन र सञ्चार परिपूरकको रूपमा रहेका छन् । यसलाई सँगै जोडेर समान रूपमा अगाडि बढाउन आवश्यक देखिन्छ । बुद्धका विचारको प्रभावकारी सञ्चार हुँदा समाजमा शान्ति स्थापना हुने देखिन्छ । गौतम बुद्धले शान्तिको खोजी मनभित्रैबाट गरेका र मनभित्रका विकार र नकारात्मक सोच हटाई सकारात्मक चिन्तनको विकास हुँदै गएमा सुख र शान्ति प्राप्त हुने वैज्ञानिक मार्ग बताएकाले यस दिशामा विश्व मानव जातिलाई अग्रसर हुन प्रेरित गर्नु आवश्यक देखिन्छ । विश्वमा देखा परेको मानव-मानव बीचको वैमनस्यताको न्यूनीकरण र नैतिक जीवनका लागि प्रेरित गर्ने गरी छापादेखि सूचना-प्रविधिको विकाससँगै आएका अनलाइनलगायत न्यू मिडियाले गौतम बुद्धका विचारलाई आमजनताका बीचमा सरल र सहज ढङ्गले बुझ्ने गरी प्रचार-प्रसार गर्नु आवश्यक देखिन्छ ।

म अनि मेरो कर्तब्य

• सीता प्याकुरेल ढुंगेल

भगवानले धेरै प्रकारका प्राणीहरुको रचना गर्नु भएको छ । धेरै प्रकारका बनस्पति , प्राकृतिक सौन्दर्य आदि इत्यादिको रचना गर्नुभएको छ । भगवानद्वारा निर्मित यो प्रकृति अत्यन्तै सुन्दर छ । हरेक चिजको हरेक ठाउँमा महत्व रहेको छ सबै प्राणी (जीव जन्तु), बनस्पति , बोटबिरुवा , भौगोलिक स्थिति एकअर्काका पुरकका लागि निर्माण गर्नु भएको छ ।जसरी पेट्रोलबिना बाइक चल्न सक्दैन, त्यसैगरी यो प्रकृतिमा पनि एउटा कुराको अभावमा अर्को वस्तु चल्न सक्दैन । त्यसैले प्रकृतिमा रहेका हरेक बस्तु एकअर्काका परिपुरक हुन् । त्यसैले सबैको आ- आफ्नो ठाउँमा महत्व रहेको छ ।अब प्राणी जगतको सर्वश्रेष्ठ प्राणी मानवको बारेमा हामीले चिन्तन मनन गरौं ।हामीले पहिलादेखि पढ्दै आएका छौं, सुन्दै आएका छौं । प्राणी जगतको सर्वश्रेष्ठ प्राणी मानव हो । मानवमा सहि गलत छुट्याउन सक्ने तागत छ ।दया, माया , करुणा र सम्मान केवल मानवले मात्र दिन सक्छ । हुन त, अन्य कतिपय प्राणीले आफ्नो सन्तानलाई , सजातिउपर प्रेम दर्शाएको पाइन्छ । तर आदर र सम्मान जस्ता कुरा केवल मानवले मात्र दिन र लिन सक्छ । हामी प्रत्येक मानव प्रेम आदर र सम्मान चाहन्छौं ।यो हाम्रो अधिकारको कुरा तर त्यसको लागि हामीले अरुलाई के दिइरहेका छौं ?समाजलाई के दिइरहेका छौं? यस्तो अमूल्य चिज पाउनको लागि त्यो कुराको ख्याल गर्नुपर्दछ किनकि हामीले समाजलाई जे दिएका छौं, त्यहि फिर्ता पाउने छौ । ऐनामा जस्तो अनुहार बनाएर हेर्नु हुन्छ तपाईले ,त्यस्तै देख्नुहुन्छ । त्यसैले तपाईले समाजलाई जे दिनु भएको छ, दिइरहनु भएको छ, त्यहि फिर्ता पाउनु हुनेछ ।त्यसैले आफ्नो अधिकारको लागि सबैले आफ्नो कर्तव्य पूरा गर्नुपर्ने हुन्छ । आज मैले म र मेरो कर्तव्य शीर्षकमा लेख लेख्ने जमर्को गरेकी छु । यहाँ म भन्नाले मेरो शरीर होइन यहाँ आत्माको कुरा गर्न खोजिएको हो ।हेर्नुहोस् सर्वप्रथम त भगवानले मलाई मानव स्वरुप दिएर किन यो धर्तीमा पठाउनु भयो ? मेरो यहाँ के काम छ म केका लागि जन्मिएकी हुँ ? किन मलाई भगवानले अन्य प्राणी , बनस्पति , बोटबिरुवा , चराचुरुङ्गी , किरा फट्यांग्रा , पातपतिंगर नबनाएर मानव स्वरुप बनाएर पठाउनु भयो ? यो धर्तीमा मेरो के काम छ ? मैले मानव भएर जन्म लिएपछि यो धर्तीमा के काम गर्नुपर्छ ? कसरी मैले आफ्नो र अरुको जीवनलाई सुन्दर बनाउन सक्छु ? मानव हुनुको बिशेषता के हो ? यी प्रश्नको जवाफ हामीले हाम्रो आत्मालाई सोध्नुपर्दछ र आत्माबाट हामीलाई यस्तो जवाफ आउने छ तिमी महान काम गर्नको लागि यो धर्तीमा मानव रुप लिएर आएका छौं । तिमीले महान काम गर्न सक्छौ । तिमीभित्र इश्वरीय शक्ति छ । तिमीले आफू बाँचेर अरु धेरैलाई बचाउन सक्छौं । तिमीले आफ्नो ज्ञान, बुद्धि र विवेकको प्रयोग गरेर संसारमा कुनै नौलो काम गर्न सक्छौं ।यो धर्तीमा जति पनि महान काम भए र भइरहेका छन्, ती सबैले पहिला आफ्नो चिनारी गरे । आफ्नो शक्तिको पहिचान गरे । आफूलाई चिने । आफ्नो कर्तव्यबोध गरे । आफ्नो आत्मालाई आफ्नो जिम्मेवारीको बारेमा सोधे र त्यहाँबाट प्राप्त जवाफबाट महान विचार गरी विश्वको मुहार फेर्न सफल भए जसले संसारलाई चकित पारिदिए ।

धेरै महान मानवको हामीले आत्मकथा जान्न चाहन्छौ भने हामीले सबैको साझा गुण यही पाउने छौं कि सबैले आफूलाई चिने । आफ्नो आत्मशक्तिको चिनारी गरे र आफ्नो कर्तव्यबोध गरी लक्ष्यमा पुग्न सफल भए ।त्यसैले म को हुँ ? मेरो कर्तव्य के हो ? मानवमा हुनुपर्ने बिशेषता के के हुन् भन्ने कुराको बोध हुनु जरुरी छ ।हामी नभए त हामीले महान काम गर्न सकेनौ भने महत्वपूर्ण काम गर्न सकेनौं भने हामी मानव र पशु बराबर हुन्छौ । पशुले पनि त खान सक्छ मलमुत्र त्याग गर्न सक्छ । सन्तान उत्पादन गर्न सक्छ । आफ्नो सन्तानलाई प्रेम गर्छ । यो पशुले गर्न सक्ने काम मात्र हामीले गर्यौं भने हामी र पशुमा के अन्तर भयो र ??? आजकल यहि पशुको जति मात्र काम भएको छ । समाजमा कसैकसैले मात्र उल्लेख्य काम गरेको उदाहरण पाइन्छ समाजमा ।हाम्रो समाजमा कतिपय मातापिताले आफ्नो जिम्मेवारी पूरा नगरेको देखिन्छ अनि छोराछोरीले पनि आफ्नो कर्तव्य पूरा नगरेको देखिन्छ ।विवाह गरेर सन्तान जन्माइसकेपछि उचित खानपान दिनु, शिक्षा दिनु र संस्कार सिकाउनुमा मातापिताको ठूलो जिम्मेवारी हुन्छ बालबालिकाको लागि पहिलो पाठशाला भनेको घरपरिवार हो । जस्तो वातावरणमा हुर्केका छन्, जस्तो संस्कारमा हुर्केका छन् त्यहिअनुरुप व्यबहार गर्न सिकेका हुन्छन् बालबालिकाले । त्यसैले उचित वातावरण तयार गर्ने र जीवन उपयोगी संस्कार घरमा मातापिताले सिकाउनु पर्दछ तर, हिजोआज मातापिता जतिसुकै बेला मोबाइल चलाएर बस्ने, टिभी, सिनेमामा भुलिने, बाहिर बाहिरका मान्छेसंग मात्र कुरा गर्ने आफ्नो बच्चाले के चाहन्छ, उसको आवश्यकता के छ ख्याल नगरी मेसिन्जरमा बोलिरहने आदत बसेको पाइन्छ । यसले कसैलाई पनि फाइदा पुऱ्याउने होइन बरु यसबाट बालबालिकाले पनि टिकटक र फेसबुकमा झुम्मिएर आफ्नो अमूल्य कुरा सिक्ने समय बर्बाद गरिरहेका हुन्छन् । यसकारण मोबाइल र फोनको उचित समयमा प्रयोग गर्दा मात्र लाभ हुने देखिन्छ ।छोराछोरी पढ्ने समयमा गृहकार्य गर्ने समयमा बुवाआमा पनि सँगै बसेर पढ्ने गर्नुपर्छ अनि बिहान समयअनुकुल भएसम्म योग, ध्यानको लागि समय छुट्याएर र भगवानको स्मरण गर्न पुजा गर्न सिकाउनुपर्दछ ।यसो गर्दा मातापिता, बालबालिका सबैलाई लाभ हुन्छ । अनि छोराछोरीले पनि मेरो कर्तव्य के हो मैले बुवाआमाको कसरी कदर गर्ने यो त मेरो आमाबुवालाई सघाउने समय हो , यो मेरो पढ्ने समय हो , यो मेरो कमाउने समय हो। मेरा बुवाआमा बृद्ध अबस्थामा हुनुहुन्छ, उहाँहरुले मलाई धेरै दुखकष्ट सहेर हुर्काउनु भएको छ मैले पनि अहिले उहाँहरुको सेवा गर्नुपर्छ हेरचार गर्नुपर्छ भन्ने कुरा कहिले बिर्सिनु हुँदैन ।बुवाआमा भनेको सन्तानको लागि भगवान समान हुनुहुन्छ र छोराछोरी बुवाआमाको लागि प्राण समान । त्यसैले सबैले आ- आफ्नो कर्तव्यको पालना गरौं सबैलाई आदर र प्रेम गर्न सिकौं ।

हामीले आफूलाई नियालौं । पहिला आफ्नो पहिचान गरी आफू बदलिएर परिवार बदलौं । परिवार बदलेर , समाज हुँदै राष्ट्रदेखि लिएर विश्वसम्म बदल्ने महान विचार राखी अघि बढ्नुपर्दछ ।जसले महान काम गरेर विश्वको मुहार फेर्न सफल हुनुभयो , उहाँहरुको पनि हाम्रो जस्तै दुई हात , दुई गोडा , दुई आँखा ,दुई कान, एक नाक, एक मुख,एउटा टाउको एउटा मुटु थियो । समय पनि हाम्रो जस्तो दिन र रात गरि २४ घण्टाको समय थियो ।उहाँहरुले महान काम गरेर नाम , दाम कमाएर विश्वको मुहार फेर्न सफल हुनुभयो । सधैं सधैंका लागि अमर हुनुभयो । त्यस्तै काम हामीले पनि गर्न सक्छौं ।सर्वप्रथम त आफूले आफूलाई चिन्नु पर्दछ र आफ्नो क्षमताको पहिचान गरी आफ्नो लक्ष्य प्राप्तिमा सारा ध्यानकेन्द्रित गर्नुपर्दछ ।यहि कुरालाई आत्मसात गरी आज म र मेरो कर्तव्य शीर्षकमा यो लेख लेख्दै छु हजुरहरुले पनि मेरो यो लेख पढेर आफ्नो जीवनलाई अर्थपूर्ण , महत्वपूर्ण बनाउनु हुन्छ भन्ने पूर्ण आशा राखेकी छु । हेर्नुहोस् म आर्थिक रुपमा गरिब परिवारमा जन्मेकी छोरी हुँ । हामी जम्मा ८ जना दिदीबहिनी अनि हाम्रो एक जना माइती हुनुहुन्छ ४ जनाको भाइ अनि ४ जनाको दाजु हुनुहुन्छ उहाँ । म जन्तरी छोरी हुँ ८ जना दिदीबहिनीमध्ये । म सानैदेखि चोकमा बस्थें । सबैसंग बोल्थें । घुलमिल हुन्थें ।मेरी आमाको सानो पसल थियो आमालाई व्यापार गर्न सघाउने अनि सामानहरु किनेर ल्याउने गर्थें । दिउँसो पढ्न जान्थें । पढाइ राम्रो थियो । सबैजना दिदीबहिनीको माया पाएकी थिएँ । धेरै जना दिदीहरु हुनुभएको हुँदा मैले घरको केही काम गर्नुपर्दैन थियो । जीवन सुन्दर थियो । म सानैदेखि कसैको जीवन पढेर प्रभावित हुन्थे । कसैको दुखद कहानी सुने भने म धुरु धुरु रुन्थें । मलाई छिट्टै आखाबाट आँसु आउँछ अहिले पनि भावुक छु ।मलाई मेरो तर्फबाट सकेको सहयोग गर्न मन लाग्थ्यो र सकेको सहयोग गर्थें पनि । म मदरटेरेसा , फ्लोरेन्स नाइटिंगेलको जीवनबाट निकै प्रभावित थिएँ र अहिले पनि छु । सायद मेरो स्वभाव पनि त्यस्तै भएकोले होला परोपकार नै हामी मानव जातिको कर्तव्य हो भन्ने प्रेरणा हामीले यी महान बिभूतिको जीवनीबाट सिक्नुपर्ने हुन्छ ।हामीले जीवन जति जति बढ्दै जान्छ, उति उति महत्वपूर्ण काम गर्दै जानुपर्छ ।हामीले हाम्रो मातापिताले हाम्रो लागि चुहाएको मुटुको रगतको सधैं हेक्का राख्नुपर्ने हुन्छ ।आफ्नो कारण कसैलाई कहिले पनि पीर पार्नु हुँदैन ।सबै प्राणी , जीव जन्तु भगवानको सृष्टि हो । त्यसैले हामीले आफ्नो स्वादको निमित्त कुनै प्राणीको हत्या गरेर खानु हुँदैन । मैले यसो भनिरहँदा हजुरहरु कतिपयको मनमा यो प्रश्न उठ्ला त्यसो भए खसी बाख्रा , कुखुरा, हाँस परेवा सुगुर बंगुर आदि इत्यादि केका लागि पाल्ने, केका लागि बने ??? हेर्नुहोस् यी यस्ता प्राणी धेरै छन् धर्तीमा । सबैको आफ्नो ठाउँमा महत्व होला र त भगवानले सृष्टि गर्नु भयो । सबैले आफ्नो सन्तानलाई जतिकै माया गरेर कुकुर , बिरालो पाल्छन् तर, त्यसलाई काटेर आजसम्म हिन्दु धर्म मान्ने धर्मावलम्बीले मासु खाएको थाहा छैन ।जुन यो प्राणीको हत्या गरी आफ्नो स्वाद लिने चलन छ त्यो बिल्कुलै गलत छ जस्तो लाग्छ । कतिपय मानिसहरु शाकाहारी भोजन ग्रहण गरेर बाँचेका छन् । महान काम गरेका छन् । आखिर सात्विक भोजन ग्रहण गेरर पनि जीवन जीउन सकिने रहेछ भनेर हामीले धार्मिक व्यक्तिको जीवनबाट प्रेरणा लिन सक्छौं ।अब यो भयो भोजनको कुरा के खाँदा हामीले आफ्नो स्वास्थ्य जोगाउन सक्छौं । हामी चेतनशील प्राणीले के खाने के नखाने भन्ने कुरा छुट्याउन सक्नुपर्दछ । अनि अर्को कुरा हामीले के काम गर्दा हामी सन्तुष्ट हुन सक्छौं । हाम्रो आत्मालाई आनन्दित बनाउन सक्छौं र के काम गर्दा सबैको हित हुन्छ, भलाई हुन्छ, त्यहि काम गर्नुपर्दछ । यसो गर्दा मानसिकरुपमा प्रसन्न भएर बाँच्न सकिन्छ भने सामाजिक रुपमा सु- सम्बन्ध कायम गरेर बाँच्न सकिन्छ ।त्यसैले सबैको हित हुने, सबैसंग मित्रता कायम गर्ने खालको काम गर्नु पर्दछ परोपकारमा हामीले हाम्रो सारा जीवन समर्पण गर्नुपर्दछ । सबै प्राणी ईश्वरका सन्तान हुन् । सबैलाई प्रेम गर्नु सबैको रक्षा गर्नु मेरो कर्तव्य हो, मेरो जिम्मेवारी भित्र पर्दछ भन्ने हामी सबैमा बोध हुनुपर्दछ । म मान्छे हुँ म मान्छे भएपछि मानवमा हुने बिशेषता ममा ल्याउनु छ ,ममा मानवमा बिशेषता बिद्यमान छ, मैले त्यसलाई व्यबहारमा उतार्नु पर्छ ।सुख , शान्ति र मेलमिलाप कायम गर्ने मेरो उद्धेश्य हो त्यसैले मैले सबै प्राणीलाई सबै भगवानको सिर्जनालाई रचनालाई आफू जस्तै सम्झेर प्रेम गर्नुपर्दछ भन्ने चेतना आउनु हाम्रो कर्तव्य हो । र, मैले पनि मेरो जीवनमा यही कर्तव्यबोध गरी जीवनयापन गरिरहेकी छु । तपाईंहरुको जीवन पनि अर्थपूर्ण बनोस् रसपूर्ण बनोस् , फलपुर्ण बनोस् । सबैले आफूलाई चिनौ अनि मानव हुनुको महिमा र गरिमालाई बुझेर आफ्नो जीवनलाई अर्थपूर्ण महत्वपूर्ण बनाऔं ।आफ्नो कर्तव्यको बोध गरी समाजमा देशमा विश्वमा आफ्नो पहिचान दिलाएर प्रेरणाको स्रोत बनौं । सबैको जीवन अर्थपूर्ण महत्वपूर्ण बनोस् । यहि कामनाका साथ आज बिदा चाहन्छु । सबैको मंगल होस् ।

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
भद्रपुर, झापा

मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका मतदाताहरूलाई
मतदाता नामावलीमा नाम दर्ता गराउने अत्यन्त जरूरी सूचना

निर्वाचन आयोगको निर्णय अनुसार झापा जिल्लाका १५ वटै स्थानीय तहँहरुमा मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यलय झापाले मिति २०७८ -०८ -१७ गते देखी मतदाता नामवली नाम दर्ता टोली खटाउदैछ। नाम दर्ता गर्न छुट भएका योग्य मतादताहरुले तपशिल बमोजिमको मिति र स्थानमा तदनुरुपको कागजातहरुलिई उपस्थित हुनका लागि अनुरोध गरिन्छ।

तपशिल

क्र.स	स्थानीय तहहरुको नाम	कार्यक्रम सञ्चालन हुने मिति	कार्यक्रम सञ्चालन हुने स्थान
१	विर्तामोड न.पा, अर्जुनधारा न.पा, हल्दिबारि गा.पा, कमल गा.पा, शिवसताक्षी न.पा र कन्काई न.पा	वि.स:२०७८-०८-१७ गते देखी वि.स:२०७८-०९-०२ सम्म	सम्बन्धित स्थानीय तहको कार्यलय
२	मेचीनगर न.पा, बुद्धशान्ति गा.पा, कचनकवल गा.पा,गौरादह न.पा, झापा गा.पा,बाह्रदशी गा.पा	वि.स २०७८-०९-०४ देखी २०७८-०९-१८ गते सम्म	सम्बन्धित स्थानीय तहको कार्यलय
३	भद्रपुर न.पा	निरन्तर दर्ता	जिल्ला निर्वाचन कार्यलय र जिल्ला प्रशासन कार्यलय,भद्रपुर, झापा
४	दमक न.पा	निरन्तर दर्ता	ईलाका प्रशासन कार्यलय दमक झापा
५	गौरीगंज गा.पा	निरन्तर दर्ता	ईलाका प्रशासन कार्यलय गौरीगंज झापा

आवश्यक कागजातहरु:

१. सम्बन्धित ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा –नेपाली नागरिकताको प्रमाण-पत्र मात्र।

२. अन्यत्र ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा –नेपाली नागरिकताको प्रमाण पत्र र बसाईसराईको सक्कल प्रमाण पत्र।

३. बिबाह गरेर आएका महिलाका लागि श्रीमान र श्रीमती को नागरिकता तथा बिबाह दर्ताको सक्कल प्रमाण पत्र ।

द्रष्टव्य

बाहिरी जिल्लाका योग्य मतदाताहरुको लागि सम्बन्धित जिल्लामै ठेगना राखी नाम दर्ता गर्न चाहेमा जिल्ला निर्वाचन कार्यलय भद्रपुर झापामा मिति २०७८।०८।१७ देखि २०७८।०९।१८ सम्ममा सम्पर्क राख्नु होला।

जिल्ला निर्वचान कार्यलय

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको भ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्

-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...

पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?

नआएमा सम्पर्क गर्नुहोला ।

०२३-५४३८२०

MANAV DENTAL HOSPITAL PVT.LTD. Estd:2065 ANAMNANI-3,BIRTAMODE

मानव डेन्टल

काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९२६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६००१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५४५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

राशिफल

ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना, टिप्पन, वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्क: ९८१६९९७७८७/९८१७०८१९९०

मेष कुनै समाचार सुन्नाले मनमा शान्ति छाउनेछ। राजनैतिक कार्यमा सफलता

वृष व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । धार्मिक यात्राको योग पनि

मिथुन सहयोगी हातहरू अघि बढ्नेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

कर्कट बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ । योजना गोप्य राखेर अघि

सिंह धार्मिक र मनोरञ्जनात्मक क्षेत्रमा भ्रमण हुनसक्छ । दाजुभाइ वा नजिकको मित्र बाट

कन्या आज जोशजाँगर र हिम्मत बढ्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

तुला मङ्गल कार्यको योग छ । आँटेको र ताकेको कार्य पुरा होला ।

वृश्चिक आज धर्म कर्म र सामाजिक कार्यमा मन जानेछ । वैदेशिक कार्यमा सफलता मिल्नेछ

धनु आज शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।

मकर आज इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

कुम्भ अतिथिको रूपमा सत्कार पाइएला । आफ्नै दक्षतामा कार्यहरू सम्पन्न हुनेछन् ।

मिन आफ्नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । शैक्षिक क्षेत्रपनि कमजोर रहने